मितिः २०८२/०३/०४

समयः दिनको ११:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८२ साल असर ०४ गते बुधवारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरू माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम, कर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | सम्झना |
| १७ | श्री गोरी माया बुलुन | कार्यपालिका सदस्य | गोरी माया |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री अमुल श्रेष्ठ | सदस्य-सचिव (प्र.प्र.अ.) | |

<u>प्रस्तावहरु:</u>

१. दहत्तर बहत्तर सम्बन्धमा,
२. ठेक्काको म्याद थप सम्बन्धमा,
३. १० सैया अस्पतालको डि.पि.आर. स्वीकृत सम्बन्धमा।
४. होम स्टे सञ्चालन कार्यविधि संम्बन्धमा,
५. विविध।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

कार्यपालिका बैठकमा छलफल हुने बिषयहरु:

१. दहत्तर बहत्तर ठेक्का सम्बन्धमा।
२. विभिन्न ठेक्काहरुको म्याद थप सम्बन्धमा।
३. कैलाश गाउँपालिकाको निर्माणाधिन १० शैयाको आधारभूत अस्पतालको डि.पि.आर. स्वीकृत गर्ने सम्बन्धमा।
४. होम स्टे सञ्चालन कार्यविधि सम्बन्धमा।
५. विविध।

निर्णयहरु:

१. प्रस्ताव नं १ माथि छलफल गर्दा **यस कैलाश गाउँपालिका र हिस्टोरिकल कन्स्ट्रक्सन कम्पनी प्रा.ली. चन्द्रगिरी-६ काठमाण्डौ बीच नदिजन्य पदार्थको विक्री व्यवस्थापनको लागि मिति २०८१/०८/१६ गते देखि २०८२ जेठ मसान्त सम्म उत्खनन् संकलन तथा विक्री वितरण कार्यको लागि मु.अ.कर सहित कुल रु १,३५,२४,९७०/- (एक करोड पैतिस लाख चौबिस हजार नौ सय सत्तरी रुपैयाँ) मा ठेक्का सम्झौता भएकोमा कबोल रकमको ५० प्रतिशतले हुन आउने रकम रु ६७,६२,४८५/- (सरसठ्ठी लाख बैसठ्ठी हजार चार सय पचासी रुपैयाँ) सम्झौता वखत नगद जम्मा गरिएको र बाँकी किस्ता रकम मध्ये सम्झौतामा उल्लेख भएको सर्त बमोजिम दोस्रो किस्ता रकम रु ३३,८१,२४३/- (तेत्तिस लाख एकासी हजार दुई सय त्रिचालिस रुपैयाँ) २०८१/१२/१० गते भित्र र तेस्रो किस्ता वापतको रकम रु ३३,८१,२४३/- मिति २०८२/०२/१० गते बुझाउने भनि सम्झौता भएकोमा कार्यालयबाट विविध मितिमा पटक पटक बाँकी किस्ता वापतको रकम दाखिला गर्नु भनि पत्राचार गरेकोमा बाँकी दोस्रो र तेस्रो किस्ता वापतको कुल रकम रु ६७,६२,४८५/- मध्ये १४,५०,०००/- (चौध लाख पचास हजार रुपैंयाँ) मात्र कार्यालयको विभाज्य कोष खातामा दाखिला गरिएकोले बाँकी रकम रु ५३,१२,४८५/- (त्रिपन्न लाख बाह्र हजार चार सय पचासी रुपैयाँ) दाखिला गर्नु भनि कार्यालयले च.नं. २४४९ मिति २०८२/०२/०६ गते, च.नं. २५७७ मिति २०८२/०२/२३ गते र च.नं. २६६३ मिति २०८२/०२/३० गते पत्रचारे गर्दा पनि बैक दाखिला नगरिएको र**

सम्झौताका सर्तहरुको पालना नगरिएकोले उक्त कन्स्ट्रक्सनले पेश गरेको बैंक जमानतबाट बाँकी किस्ता बापतको रकम र नियमानुसार जरिवाना सहित जफत गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत योजना तथा कार्यक्रम अनुसार ठेक्का मार्फत कार्यन्वयन गर्न सम्झौता भई सञ्चालित देहाएका योजनाहरुको म्याद सकिएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ को नियम १२० (क), १२१ (चौधौ संसोधन) बमोजिम अन्तिम पटकको लागि निम्न अवधिसम्म म्याद थप गर्ने निर्णय गरियो।

| सि.न. | योजनाको नाम | ठेक्का नं. र व्यवसायीको नाम,ठेगाना | सम्झौता मिति | कार्य सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम (रु.) | म्याद थप गर्नुपर्ने कारण | म्याद थप गरिएको अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | १० शैया अस्पताल निर्माण,कैलाश -३ | (KRM/C10BPHB/BN-09/2077/78), आशिष/आशिर्वाद/स्वामिनाराण जे.भि.,त्रियुगा-१३, उदयपुर | २०७८/२/२७ | २०८२/०२/३० | ६,५८,९९,१७६।८३ | सामग्री समयमा उपलब्ध नभएको | २०८२/०३/२० |
| २ | नामटार अस्पताल निर्माण,कैलाश -९ | (KRM/CNHP/BN-12/2078/79), श्री ताण्डव कन्स्ट्रक्सन कम्पनी प्रा.लि., हेटौडा-४, मकवानपुर | २०७९/०३/१ | २०८२/०२/३० | १,४३,८२,००१।१४ | भौगोलिक विकटता /बजारमा निर्माण सामाग्री अभाव | २०८२/०३/१५ |
| ३ | सालबास हुँदै सानोडाँडा खर्क सडक योजना कैलाश -२,८ | (KRM/STSKR/BN-02/2081/82), श्री एरोन-गुरु-सिपाली जे.भी.,बानेश्वोर-१०, काठमाडौ | २०८१/०८/९ | २०८२/०२/३० | १,१६,६०,५६३।९१ | भौगोलिक विकटता | २०८२/०३/१५ |

- प्रस्ताव नं २ को ३ नं ठेक्काको सन्दर्भमा मिति २०८२/०२/२३ गते वडा नं २,७, र ८ का वडाध्यक्षज्यूहरुबाट गुणस्तरहिन कार्य भएको भनी संयुक्त विज्ञप्ति जारि भएकोमा कार्यपालिकाको ध्यानाकर्षण भएको र सो सम्बन्धमा गुणस्तरहिन भएको कार्यको मूल्याङकन

नगर्ने गरि र थप गरिएको कार्य गुणस्तरयुक्त भएमा मात्र मूल्याङ्कन गरि बाँकी भुक्तानी दिने गरि २०८२/०३/१५ गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको १० शैया आधारभूत अस्पताल निर्माणको लागी यस कार्यालय र श्री आशिष/आशिर्बाद/स्वामिनारायण जे.भि. बिच मिति २०७८/०२/२७ गते सम्झौता भई निर्माणाधीन रहेकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०८१/१०/०९ गतेको पत्रानुसार स्थानिय तहमा निर्माणाधीन रहेका आधारभूत अस्पतालहरुको DPR (Detailed Project Report) स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका,२०७३ तथा अन्य मानक मापदण्डहरु र राष्ट्रिय भवन आचार संहिताको अधिनमा रही गाउँपालिकाको प्राविधिकको सिफारिसका आधारमा कार्यपालिका बाटै स्वीकृत गर्नुपर्ने भएकोले परामर्शदाता तथा गाउँपालिकाको समन्वयमा तयार पारिएको उक्त संशोधित DPR को विस्तृत आर्किटेक्चर, संरचना डिजाईन, स्यानिटरी डिजाईन, विधुतीय डिजाईन,लागत अनुमान यसै कार्यपालिकाबाट स्वीकृत गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा उक्त कार्यविधि माथि थप छलफल गर्नु पर्ने भएकोले आगामी कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो।

५. विविध

विविध माथि कुनै छलफल भएन।